## २०७७ फाल्गुण १७ गतेको नगरकार्यपालिकाको ४३ औं वैठकको निर्णयहरु

**निर्णय नं. १**

मन्थली नगरपालिकाबाट चालु आ.व.को पुस मसान्तसम्म सम्पादन गरिएका कार्य र खर्चको अर्ध वार्षिक प्रगति समीक्षा गरियो । कार्य सम्पादनका क्रममा देखिएका कमजोरीहरुलाई सुधार गर्न सम्बध्द सबै पक्ष जिम्मेवारी पूर्वक लागि पर्ने।

**निर्णय नं. २**

नगरपालिकाको संस्थागत स्वमूल्यांकनका सूचाकाकं र नगरपालिकाबाट सम्पादित कार्यको वारेमा समीक्षा गरियो । पुरा हुन नसकेका आवश्यक सूचकाकंका लागि प्रमाण कागजको अभिलेख राख्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देश गर्ने ।

**निर्णय नं. ३**

चालु आर्थिक वर्षमा विनियोजित रकमबाट उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाको कार्यान्वयन ढिलो भएको हुँदा लक्ष्य अनुसारको प्रगति कम देखिएकाले २०७७ चैत्र मसान्तसम्म आयोजना सम्झौता गरी उपभोक्ता समितिलाई गतिशिल बनाउने तत् पश्चात सम्झौता प्रक्रिया अगाडि नवढाउने ।

**निर्णय नं. ४**

प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीको स्वामित्वमा रहेको जग्गा नयाँ गोरख गण रामेछाप व्यारेकबाट स्वामित्व हस्तान्तरणका लागि प.सं. १०४२७/प्र/९/०७७/७८/२० को पत्र मार्फत माग भइ आएको छ। उक्त जग्गाको स्वामित्व हस्तान्तरण माग सम्बन्धी प्रस्ताव आगामी नगरसभामा पेश गर्ने।

**निर्णय नं. ५**

**नगरपालिकाको पशुसेवा उपशाखाबाट चालु आ.व.मा स्वीकृत ७० प्रतिशत लागत साझेदारीमा गाई र बाखा प्रर्बद्धन कार्यक्रम सम्वन्धमा निम्नानुसार गर्ने ।**

१) यस कार्यक्रमका लागि प्रस्ताव पेश गरि छनौटमा परेका समुह/सहकारीहरुका लाभग्राही सदस्यहरुलाई वितरण गर्न तोकिएको प्राविधिक स्पेशिफिकेशन अनुसार तपसिल बमोजिमको पशुहरुको दर/रेट तोकि नियमानुसार टेन्डर प्रक्रियाबाट खरिद गरि वितरण गर्ने ।

तपसिल :

| क्र.सं. | पशुको विवरण | प्रति पशुको दर | कैफियत |
|---|---|---|---|
| १ | उन्नत जर्सी/होल्स्टेन क्रस गाई (ब्याउने, दुहुना) ६२.५ प्रतिशत शुद्वता | ८५,०००।- | |
| २ | प्रजननको वोयर जमुनापारी क्रस बोका कम्तिमा ६ महिना भन्दा बढि उमेरको (२५ प्रतिसत भन्दा बढि बोयर क्रस) | प्रति के.जी.रु.२०००।- | |
| ३ | खरी/जमुनापारी क्रस बाखा (कम्तिमा ५ महिना भन्दा बढि उमेरको) | प्रति गोटा - रु.१२०००।- | |

२) आ.व. २०७७/७८ को प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनातर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार ७० प्रतिशत लागत साझेदारीमा अनुदानमा साना व्यवसायिक कृषि उत्पादन केन्द्र बाखा (पकेट) कार्यक्रमका लागि छनौटमा परेका समुह/सहकारीहरुका लाभग्राहि सदस्यहलाई वितरण गर्न तोकिएको प्राविधिक स्पेशिफिकेशन अनुसार तपसिल बमोजिमको पशुहरुको दर/रेट तोकी नियमानुसार टेन्डर प्रक्रियाबाट खरिद गरि वितरण गर्ने ।

तपसिल :

| क्र.सं. | पशुको विवरण | प्रति पशुको दर | कैफियत |
|---|---|---|---|
| १ | प्रजननको वोयर जमुनापारी क्रस बोका कम्तिमा ६ महिना भन्दा बढि उमेरको २५ प्रतिसत भन्दा बढि बोयर क्रस | प्रति के.जी.रु.२०००।- | |
| २ | खरी/जमुनापारी क्रस बाखा (कम्तिमा ५ महिना भन्दा बढि उमेरको) | प्रति गोटा -रु.१२०००।- | |

निर्णय नं. ६.

मन्थली नगरपालिकाको आवधिक योजना निर्माण, मध्यकालीन खर्च संरचना गुरुयोजना निर्माण र ल्याण्डफिल्ड साईड निर्माण लगायतका डिपीआर, निर्माण तयारी कार्यको तत्काल प्रक्रिया अगाडि बढाउने ।

२०७७/११/१८